एडीबी
समाचार
नेपालबाट

वेबसाइटः http://www.adb.org/NRM
इमेलः adbnrm@adb.org

एशियाली विकास बैंक (एडीबी) को नेपाल आवासीय नियोगले प्रकाशित गर्ने त्रैमासिक समाचारपत्र

चैत्र, २०६०

# श्री ५ द्वारा एडीबीको सहयोगप्राप्त जलविद्युत् आयोजना समुद्घाटन



उद्घाटन श्री ५ महाराजाधिराज ज्ञानेन्द्र वीर विक्रम शाहदेव सरकारबाट नेपालको सबभन्दा ठूलो जलविद्युत् आयोजना कालीगण्डकी 'ए' समुद्घाटन गरिबक्सदै।

श्री ५ महाराजाधिराज ज्ञानेन्द्र वीर विक्रम शाहदेव सरकारबाट २०५९ साल माघ ८ गते कालीगण्डकी 'ए' जलविद्युत् आयोजनाको समुद्घाटन गरिबक्स्यो। नेपालमा बारम्बार विद्युत् आपूर्ति अवरुद्ध हुने समस्या समाधान गर्न एसियाली विकास बैंक (एडीबी) को सहयोगमा यो आयोजना सञ्चालन गरिएको हो।

काठमाडौंबाट करिब १ सय ८० किलोमिटर पश्चिममा निर्मित कालीगण्डकी 'ए' मुलुककै सबभन्दा ठूलो जलविद्युत् केन्द्र हो। वार्षिक ८ सय ४२ गेगावाट ऊर्जा शक्ति उत्पादन गर्ने यसको क्षमता रहेको छ।

यस आयोजनाको प्रमुख विशेषता भनेको बढी विद्युत् खपत हुने समयमा पनि वर्षभरि उच्च क्षमतासाथ उत्पादन गर्नसक्नु हो। यसबाट सबै वर्गका उपभोक्ता लाभान्वित हुनका साथै नेपालको बढ्दो विद्युत् माग पूरा गर्न तथा विद्युत् आपूर्ति अवरुद्ध भइरहने समस्या न्यूनीकरण गर्नमा पनि सघाउ पुग्नेछ।

'सन् २००२ मे महिनामा आयोजना सञ्चालन भएयता विगतमा नेपालभरि भोगिंदै आएको विद्युत् आपूर्तिको समस्या धेरै हदसम्म समाधान भएको छ', एडीबीको दक्षिण एसिया विभागका महानिर्देशक योशिहिरो इवासाकीले आयोजनाको उद्घाटन समारोहमा भन्नुभयो, 'यसले मुलुकको भावी विकास सम्भाव्यतालाई उल्लेखनीयरुपमा वृद्धि गर्नुका साथै धेरै जनताको जीवनस्तरमा पनि सुधार ल्याएको छ।'

यो आयोजना वातावरणीयरुपमा दीगो तथा सामाजिकरुपमा उत्तरदायीतवरले कार्यान्वयन गरिएको थियो। निर्माणका क्रममा काम लगाउँदा आयोजनाबाट प्रभावित व्यक्तिहरूलाई प्राथमिकता दिइएको थियो। धेरैले जलविद्युत् केन्द्रमा दीर्घकालिन रोजगारीसमेत प्राप्त गरेका छन्।

यसबाहेक आयोजनाले त्यस क्षेत्रका करिब ३ हजार ग्रामीण घर-परिवारलाई विद्युत् सुविधा उपलब्ध गराएको छ।

यो आयोजना दोहोरो च्यानलको बालुवा थेग्रने संयन्त्रजस्ता नवीन पद्धतिको प्रयोगबाट अत्यन्तै न्यून लागतमा निर्माण गरिएको हो। मूल्यांकनको समयमा आयोजनाको अनुमानित लागत ४५ करोड अमेरिकी डलर (प्रचलित विनिमय दरअनुसार ३२ अर्ब ८५ करोड रुपैयाँ) थियो भने अन्तिम लागत ३६ करोड डलर (२६ अर्ब २८ करोड रुपैयाँ) पुग्ने अनुमान छ।

यस आयोजनाका लागि एडीबीले १४ करोड डलर (१० अर्ब २२ करोड रुपैयाँ) लगानी गरेको थियो भने अन्तर्राष्ट्रिय समन्वयका लागि जापान बैंकले १० करोड डलर (७ अर्ब ३० करोड रुपयाँ) लगानी गरेको थियो। सरकारको लगानी १२ करोड डलर (८ अर्ब ७६ करोड रुपैयाँ) रहेको थियो।

सन् १९९६ जुलाइमा स्वीकृत भएको यो आयोजना सन् २००२ मे महिनादेखि सञ्चालनमा आएको हो।

## यस अंकमा...

- महानिर्देशकद्वारा समझदारीको आग्रह २
- नियोगका कर्मचारीहरूको समाचार २
- कार्यशाला तथा कार्यक्रमहरूको झलक ३
- एडीबीद्वारा सन् २००३ मा नेपालमा सञ्चालित गतिविधिहरूको समीक्षा ४

# महानिर्देशकद्वारा समझदारीको आग्रह

सरकारले विकासको गति, संरचनागत सुधार, गरिबी निवारण तथा आयोजनाहरूको कार्य-सम्पादनमा तीव्रता ल्याउन माओवादी समूहसँग राजनीतिक समझदारीको बाटो खोज्नुपर्ने धारणा एसियाली विकास बैंक (एडीबी), दक्षिण एसिया विभाग (सार्ड) का महानिर्देशक योशिहिरो इवासाकीले व्यक्त गर्नुभएको छ ।

श्री इवासाकी प्रधानमन्त्री सूर्यबहादुर थापा, अर्थमन्त्री डा. प्रकाशचन्द्र लोहनीलगायत वरिष्ठ सरकारी अधिकारीहरूसँगको परामर्शका लागि २०६० साल माघ ७ देखि १० गतेसम्म नेपाल भ्रमणमा आउनुभएको थियो । उहाँले शान्ति पुनर्स्थापनाको आवश्यकता औंल्याउँदै यो सम्वेदनशील घडीमा नेपालको विकास तथा गरिबी निवारणका लागि एडीबीको सहायता जारी रहने प्रतिबद्धता दोहोऱ्याउनुभयो ।

नेपाल कम्युनिष्ट पार्टी (माओवादी) सँगको शान्ति वार्ता भङ्ग हुनु र युद्धविराम अन्त्य हुनुका साथै बिग्रँदो सुरक्षा स्थितिले मुलुकको आर्थिक विकासमा गम्भीर चुनौती खडा गरेको छ ।

'एडीबीको सहायताले द्वन्द्वका अन्तर्निहीत कारण पहिल्याएर त्यसको समाधान गर्दै शान्ति पुनर्स्थापनामा सघाउ पुऱ्याउन खोज्नेछ । एकपल्ट शान्ति पुनर्बहाली भएपछि नेपालको पुनर्स्थापना तथा पुनर्संरचनाका लागि हामी आफ्नो सहयोग सुदृढ गर्न तयार छौं', इवासाकीले भन्नुभयो ।

'द्वन्द्वको समाधान नै नेपालको लागि अहिलेको सबभन्दा ठूलो प्राथमिकता हो', उहाँले भन्नुभयो, 'यो नभएसम्म नेपालले दशौं योजनाको दीगो वृद्धि तथा गरिबी निवारण लक्ष्य हासिल गर्न सक्दैन ।'

मुलुकले अहिले भोगिहेको कठिन चुनौतिले केही महत्वपूर्ण अवसर हरूसमेत ल्याएको धारणा श्री इवासाकीले व्यक्त गर्नुभयो ।

'लामो समयदेखि सुल्झिन नसकेका सामाजिक तथा आर्थिक असमानता, क्षेत्रीय आर्थिक असमानता, महिला तथा फाइदाबाट वञ्चित समूहहरूको सशक्तिकरणको अभाव तथा कमजोर शासनजस्ता मुद्दाहरूलाई अब प्रतिबद्धतासाथ तीव्ररुपमा सम्बोधन गर्न सकिन्छ', उहाँले भन्नुभयो, 'नेपालले यी अवसर हरूबाट फाइदा उठाउनैपर्छ ।'



जनताको आवाज एडीबीको सहायतामा सञ्चालित तेस्रो पशु विकास आयोजनासम्बन्धमा स्थानीय किसानहरूको कुरा सुन्दै एडीबीको दक्षिण एसिया विभागका महानिर्देशक योशिहिरो इवासाकी ।

श्री इवासाकीले वर्तमान सन्दर्भमा सरकारका सुधार कार्यक्रमहरूलाई प्रभावकारीरुपमा सहयोग गर्न एडीबीले तयार पारिरहेको नयाँ राष्ट्रिय रणनीति तथा कार्यक्रम (सीएसपी) सम्बन्धमा वरिष्ठ अधिकारीहरूलाई जानकारी दिँदै सीएसपी तयारी प्रक्रियामा उनीहरूको बलियो सहयोग र सहभागिताको अपेक्षा गर्नुभयो ।

भ्रमणका क्रममा श्री इवासाकीले एडीबी तथा अन्तर्राष्ट्रिय समन्वयका लागि जापान बैंकको सहयोगमा सञ्चालित कालीगण्डकी 'ए' जलविद्युत् आयोजनाको उद्घाटन समारोहमा पनि भाग लिनुभएको थियो । सरकारी अधिकारीहरूसँगको कुराकानीमा उहाँले यस आयोजनाअन्तर्गत कार्यान्वयन हुन बाँकी रहेका मुद्दाहरूलाई सम्बोधन गर्नुपर्ने आवश्यकतामाथि जोड दिनुभएको थियो ।

श्री इवासाकीले पोखरास्थित एडीबीको सहयोगमा सञ्चालित पशु विकास आयोजनाको पनि भ्रमण गर्नुभयो ।■

## नियोगका कर्मचारीहरूको समाचार



नेपाल आवासीय नियोगका आयोजना समीक्षकमा विशाल ढकाल नियुक्त हुनुभएको छ । श्री ढकालले एडीबीको सहायतामा सञ्चालित आयोजनाहरूलाई समीक्षात्मक तथा तथ्यांकगत सहायता उपलब्ध गराउनुका साथै कार्यक्रम सञ्चालन तथा प्रशासनिक गतिविधिहरूमा पनि सहयोग गर्नुहुनेछ । नियोगमा आबद्ध हुनुअघि उहाँ मध्यमर्स्याङ्दी जलविद्युत आयोजनामा सिभिल इञ्जिनियर हुनुहुन्थ्यो । श्री ढकालले सिभिल इञ्जिनियरिङमा स्नातक गर्नुका साथै नेपालको त्रिभुवन विश्वविद्यालयबाट व्यापार प्रशासनमा स्नातकोत्तरसमेत गर्नुभएको छ ।■

## नेपाल इकोनोमिक अपडेट

एसियाली विकास बैंक (एडीबी), नेपाल आवासीय नियोगले सन् २००३ डिसेम्बर महिनामा नेपाल इकोनोमिक अपडेट प्रकाशित गरेको छ । नेपालको अर्थतन्त्रबारे नियमितरुपमा अद्यावधिक जानकारी दिने उद्देश्यअनुरुप नियोगले पहिलोपटक यस्तो पुस्तक प्रकाशित गरेको हो । यसमा आर्थिक वर्ष २००३ (२००३ जुलाइ मध्यसम्म) र २००४ को पहिलो त्रैमासिकसम्मको आर्थिक विकास तथा प्रवृत्तिहरू समीक्षा गरिनुका साथै आव २००४ (२००४ जुलाइ मध्यसम्म) को आर्थिक अवस्था प्रक्षेपण गरिएको छ । त्यस्तै, गरिबी निवारण क्षेत्रमा भएका प्रगतिहरूको समीक्षा तथा क्षेत्रगत र नीतिगत विकासको मूल्यांकन पनि यस पुस्तकमा गरिएको छ । यो दस्तावेज नियोगको वेबसाइट http://www.adb.org/nrm मा पनि उपलब्ध छ ।

## वेबसाइट सूचना

एडीबीको सहायतामा सञ्चालित काठमाडौं उपत्यका खानेपानी सेवा क्षेत्र विकास कार्यक्रमसम्बन्धी जानकारीहरूका लागि वेबसाइट http://www.kvwmsp.com/ हेर्नुहोस् । एक करोड ५० लाख अमेरिकी डलर (१ अर्ब ९ करोड ५० लाख रुपैयाँ) बराबर ऋणको यस आयोजनाले काठमाडौं उपत्यकामा खानेपानी तथा सरसफाई सेवाका लागि सरकार को संस्थागत सुधारमा सहायता पुऱ्याउँछ । यसको कार्यान्वयन निकाय भौतिक योजना तथा निर्माण मन्त्रालय रहेको छ । मन्त्रालयले काठमाडौं उपत्यकाबाहिरका थुप्रै मझौला/साना शहर र गाउँहरूमा सञ्चालित तथा सम्पन्न भइसकेका खानेपानी आयोजनाहरूमा एडीबीसँग मिलेर काम गर्दै आएको छ ।

# एडीबीद्वारा सन् २००३ मा नेपालमा सञ्चालित गतिविधिहरूको समीक्षा

एसियाली विकास बैंक (एडीबी) ले सन् २००३ मा नेपालका लागि करिब १० करोड अमेरिकी डलर (प्रचलित विनिमय दरअनुसार ७ अर्ब ३० करोड रुपैयाँ) बराबरको ऋण तथा प्राविधिक सहायता गरेको थियो । यी सहायता खानेपानी सेवा, सार्वजनिक क्षेत्र व्यवस्थापन तथा पशु विकासमा केन्द्रित थिए ।

एडीबीले स्वीकृत गरेको ९ करोड ४० लाख अमेरिकी डलर (६ अर्ब ८६ करोड २० लाख रुपैयाँ) बराबरका पाँचवटा ऋणमध्ये तीन भागभन्दा बढी खानेपानी तथा सरसफाई सेवाहरूमा लक्षित छन् । एडीबीले विभिन्न क्षेत्रहरूका लागि ४२ लाख डलर (३० करोड ६६ लाख रुपैयाँ) बराबरका नौवटा प्राविधिक सहायता आयोजनाहरू पनि स्वीकृत गरेको थियो (हेर्नुस् तालिका) ।

दुई करोड ४० लाख डलर (१ अर्ब ७५ करोड २० लाख रुपैयाँ) ऋण सहायताको सामुदायिक खानेपानी तथा सरसफाई आयोजनाले नेपालको मध्य तथा सुदूर-पश्चिमका गरिब तथा दुर्गम क्षेत्रहरूमा बसोबास गर्ने उपेक्षित जनसंख्यासम्म सफा खानेपानी तथा सरसफाई सेवा विस्तार गर्ने उद्देश्य लिएको छ । यस आयोजनाले २१ जिल्लाका १ हजार २ सय समुदायलाई सेवा पुऱ्याउने योजना लिएको छ, जसबाट करिब ८ लाख ५० हजार व्यक्तिहरू लाभान्वित हुनेछन् ।

एक करोड ५० लाख डलर (१ अर्ब ९ करोड ५० लाख रुपैयाँ) बराबरका दुईवटा ऋण उपलब्ध काठमाडौं उपत्यका खानेपानी सेवा क्षेत्र विकास कार्यक्रमले काठमाडौं उपत्यकामा खानेपानी तथा सरसफाई सेवाको आपूर्तिका लागि संस्थागत सुधारमा सहायता पुऱ्याउनेछ । यसले खानेपानी तथा फोहोरमैला सेवाको दक्षता तथा उपलब्धतामा सुधार ल्याउन संस्थागत संरचना तयार पार्ने उद्देश्यसमेत लिएको छ ।

एडीबीले सन् २००३ मा नेपालका लागि स्वीकृत गरेकोमध्ये एउटै सबभन्दा ठूलो ऋण ३ करोड ५० लाख अमेरिकी डलर (२ अर्ब ५५ करोड ५० लाख रुपैयाँ) बराबरको सार्वजनिक क्षेत्र व्यवस्थापन कार्यक्रम हो । कार्यक्रमका उद्देश्य वित्तीय स्थायित्व सुदृढीकरण, सरकारी स्वामित्वका संस्थानहरूको निजीकरण तथा शासन सुधार हुन् ।

सन् २००३ मा सामुदायिक पशु विकास आयोजनाका लागि २ करोड डलर (१ अर्ब ४६ करोड रुपैयाँ) ऋण स्वीकृत गरिएको थियो । यो सन् १९८० देखि सञ्चालन हुँदै आएको चौथो एडीबी-सहायताप्राप्त पशु विकास आयोजना हो । यसले पशुपालन तथा सानास्तरका पशुजन्य उद्यमका माध्यमबाट नेपालका ४८ जिल्लामा बसोबास गर्ने १ लाख ६४ हजार परिवारका लागि खाद्य सुरक्षा, पोषण, आय तथा रोजगारी वृद्धि गर्न खोजेको छ ।

यो आयोजना नाफामूलक तथा दीगो पशु उद्यम विकासमा केन्द्रित रहेको छ । यसका लागि २२ जिल्लामा सघन पशुपालन गरिनेछ भने अन्य २२ जिल्ला र सँगसँगै वृहत् उत्पादन क्षेत्रबाट छानिएका केही जिल्लाहरूमा प्रशोधन, बजार व्यवस्थापन तथा पशु उपक्षेत्र सेवाहरूको व्यवसायिकीकरण गरिनेछ ।

सन् २००३ को अन्तसम्ममा एडीबीले कुल २ अर्ब १० करोड अमेरिकी डलर (प्रचलित विनिमय दर अनुसार १ खर्ब ५३ अर्ब ३० करोड रुपैयाँ) को एकीकृत कर्जा नेपाललाई उपलब्ध गराएको छ । यो १ सय ९ वटा ऋणअन्तर्गत दिइएको हो । यसमध्ये ४ करोड ९५ लाख डलर (३ अर्ब ६१ करोड ३५ लाख रुपैयाँ) बराबरको चार वटा ऋण निजी क्षेत्रलाई गएको छ । एडीबीले सन १९६८ यता १० करोड ८७ लाख अमेरिकी डलर (७ अर्ब ९३ करोड ५१ लाख रुपैयाँ) बराबरको २ सय ३६ वटा प्राविधिक सहायता अनुदान पनि नेपाललाई उपलब्ध गराएको छ । सन् २००३ डिसेम्बर ३१ सम्ममा करिब ७९ करोड ५ लाख डलर (५७ अर्ब ७० करोड ६५ लाख रुपैयाँ) खुद ऋणबराबरको २३ वटा सार्वजनिक क्षेत्र कर्जा चालू अवस्थामा छन् । यसबाहेक ३४ वटा प्राविधिक सहायता आयोजनाहरू पनि सञ्चालन भइरहेका छन् ।

एडीबी गरिबीमुखी दीगो आर्थिक वृद्धि, सामाजिक विकास तथा असल शासनका माध्यमबाट एसिया तथा प्रशान्त क्षेत्रको गरिबी निवारणप्रति लक्षित छ । सन् १९६६ मा स्थापना भएको यस बहुपक्षीय विकास बैंकमा ६३ मुलुकहरू सदस्य छन्, जसमध्ये ४५ वटा मुलुक एसिया तथा प्रशान्त क्षेत्रमा पर्छन् । सन् २००३ सम्म एडीबीले ६ अर्ब १० करोड अमेरिकी डलर (४ खर्ब ४५ अर्ब ३० करोड रुपैयाँ) ऋण र १७ करोड ६५ लाख डलर (१२ अर्ब ८८ करोड ४५ लाख रुपैयाँ) बराबर प्राविधिक सहायता स्वीकृत गरेको छ । ■

**नेपालमा हाल सञ्चालित सार्वजनिक क्षेत्र ऋणको विवरण प्रतिशतमा (सन् २००३ डिसेम्बर ३१ सम्म)**




कुल अमेरिकी डलर ७० करोड ९० लाख

| नेपालमा एडीबीको प्राविधिक सहायता, २००३ | अमेरिकी डलर, हजारमा |
|---|---|
| काठमाडौं उपत्यका खानेपानी व्यवस्थापन सहायता आयोजना | १,४००[क] |
| निजी क्षेत्रका लागि बजार पहुच तथा उत्पादकत्व वृद्धि | ४००[ख] |
| रोजगार आयोजनाका लागि सीप | १२० |
| सामाजिक सुरक्षा अध्ययन | २५०[ख] |
| सार्वजनिक संस्थानहरूको निजीकरण | ४२५ |
| कार्य-सम्पादनमा आधारित व्यवस्थापन सुदृढीकरण | २७५ |
| छानिएका ग्रामीण वित्तीय संस्थाहरूको सुदृढीकरण | ५१५[ग] |
| आयोजना कार्यान्वयन तथा गुणस्तर सुनिश्चितता सुदृढीकरण | ६०० |
| आर्थिक नीति सञ्जाल विकास | २०० |
| | **४,१८५** |

*क) यो रकममध्ये ७००,००० डलर जापान विशेष कोषले र ७००,००० डलर नर्वे सरकारले लगानी गर्नेछ भने एडीबी कार्यकारिणी निकायका रुपमा संलग्न हुनेछ*

*ख) जापान विशेष कोषद्वारा लगानी गरिने*

*ग) यो रकमध्ये ५००,००० डलर प्राविधिक सहायता विशेष कोषबाट र १५,००० डलर जर्मनी सरकारबाट लगानी गरिनेछ भने एडीबी कार्यकारिणी निकायका रुपमा संलग्न हुनेछ*

# कार्यशाला तथा कार्यक्रमहरूको झलक

एशियाली विकास बैंक (एडीबी) को नेपाल आवासीय नियोगका कर्मचारीहरूले विगत केही महिनामा विभिन्न कार्यशाला तथा गोष्ठीहरू आयोजना गर्नुका साथै केही गोष्ठीहरूमा भाग लिएका थिए । त्यसमध्ये केहीको यहाँ चर्चा गरिएको छ ।

२०६० साल पुस २७ गते नेपाल आवासीय नियोगका राष्ट्रिय निर्देशक सुल्तान हफिज रहमानले पानी तथा ऊर्जा उपभोक्ता महासंघ नेपालद्वारा आयोजित एक कार्यक्रममा एडीबीको संरक्षण नीति तथा मेलम्ची खानेपानी आयोजनाका महत्वपूर्ण पक्षहरूमाथि प्रकाश पार्नुभएको थियो । कार्यक्रममा सामुदायिक संस्थाहरू, गैर-सरकारी संस्थाहरू (गैसस), स्थानीय सरोकारवाला समूहहरू तथा मेलम्ची उपत्यकाका प्रभावित बासिन्दालगायतका विभिन्न साझेदार समूहहरूले भाग लिएका थिए ।

एडीबीले प्रभावकारी सार्वजनिक ऋण व्यवस्थापनका लागि संस्थागत क्षमता सुदृढीकरण गर्न उपलब्ध गराएको प्राविधिक सहायताअन्तर्गत श्री ५ को सरकारलाई 'समष्टिगत आर्थिक ढाँचा र ऋण स्थायित्व विश्लेषण' सम्बन्धमा कार्यशाला आयोजना गर्न सहयोग गरेको थियो । कार्यशाला २०६० साल पुस २७ देखि २९ गतेसम्म चलेको थियो । समष्टिगत आर्थिक ढाँचाबारे चेतना जगाउन तथा समष्टिगत ढाँचा र ऋण स्थायित्व समीक्षाका लागि तयार पारिएको सफ्टवेयरबारे जानकारी प्रवाह गर्न उक्त कार्यशाला आयोजना गरिएको हो । यसले समष्टिगत आर्थिक ढाँचाको निर्माणसँग परिचित व्यवसायिकहरूको समूह तयार पारेर पुनर्संरचना तथा थप कार्यहरूलाई निरन्तरता दिन सकियोस् भन्ने उद्देश्य पनि लिएको थियो । सरकारी (राष्ट्रिय योजना आयोग, अर्थ मन्त्रालय, नेपाल राष्ट्र बैंक, महालेखा नियन्त्रकको कार्यालय तथा केन्द्रीय तथ्यांक विभाग), निजी क्षेत्र, अनुसन्धान संस्थाहरू र विश्वविद्यालय संकाय तथा अन्तर्राष्ट्रिय मुद्रा कोषका प्रतिनिधिहरूले कार्यशालामा भाग लिएका थिए । कार्यशालाको उद्घाटन अर्थमन्त्री डा. प्रकाशचन्द्र लोहनीले गर्नुभएको थियो ।



संरक्षण नीति एडीबी, नेपाल आवासीय नियोगका राष्ट्रिय निर्देशक सुल्तान हफिज रहमान मेलम्ची उपत्यकाका साझेदार समूहहरूलाई एडीबीको संरक्षण नीति तथा एडीबीको सहायताप्राप्त मेलम्ची खानेपानी आयोजनाबारे जानकारी गराउँदै ।

एडीबीको सहायताप्राप्त तेस्रो पशु विकास आयोजनाअन्तर्गत पाल्पा साझेदारी कार्यक्रमका उपलब्धिहरूलाई सम्बन्धित सरकारी निकाय, दातृ संस्था तथा सहभागितामूलक ग्रामीण विकास तथा गरिबी न्यूनीकरणमा सहायता पुऱ्याइरहेका गैर-सरकारी संस्थाहरू (गैसस) सँग आदानप्रदान गर्न पशु सेवा विभागले २०६० साल फागुन ४ गते एक कार्यक्रम आयोजना गरेको थियो । कार्यक्रममा जिल्ला पशु सेवा कार्यालय, पाल्पाका प्रमुख तथा स्थानीय साझेदार गैससहरू र ग्रामीण आर्थिक विकास संघले आ-आफ्ना अनुभव आदानप्रदान गरेका थिए ।

पाल्पा साझेदारी कार्यक्रम गरिब महिलाहरूका लागि सञ्चालित सशक्तिकरण तथा आयमूलक कार्यक्रम हो । जिल्ला पशु सेवा कार्यालय, पाल्पाले 'लोकल इनिसियटिभ सपोर्ट प्रोग्राम', हेल्भाटस नेपाल तथा स्थानीय गैससहरूसँग मिलेर विगत चार वर्षदेखि यो कार्यक्रम सञ्चालन गर्दै आएको छ । यस साझेदारी कार्यक्रमले सशक्तिकरण, चेतना अभिवृद्धि तथा आयमूलक गतिविधिमा उत्साहजनक प्रभाव देखाइसकेको छ । लाभान्वित व्यक्तिहरूले आफ्नो बढेको आय छोराछोरीको शिक्षा तथा परिवारको स्वास्थ्यमा उपयोग गरिरहेका छन् ।

एडीबीले श्री ५ को सरकारसँगको सहमतिमा २०६० साल फागुन १२ र १३ गते 'एडीबीको सहायताप्राप्त आयोजनाहरूको वित्तीय शासन तथा लगानी व्यवस्थापन' सम्बन्धमा प्रशिक्षण कार्यशाला आयोजना गरेको थियो । कार्यान्वयन निकायका कर्मचारीहरूलाई आयोजनाहरूको वित्तीय शासन तथा लगानी व्यवस्थापनसम्बन्धमा एडीबीको निर्देशिका तथा जानकारी पुस्तिकाबारे परिचित गराउनु प्रशिक्षण कार्यशालाको उद्देश्य थियो । एडीबीको सहायताप्राप्त आयोजनाहरू, अर्थ मन्त्रालय तथा महालेखा नियन्त्रकको कार्यालयका प्रतिनिधिहरूले प्रशिक्षणमा भाग लिएका थिए ।

नेपाल आवासीय नियोगका राष्ट्रिय निर्देशक सुल्तान हफिज रहमानले २०६० साल फागुन २८ देखि ३० गतेसम्म भारतको नयाँ दिल्लीमा आयोजित दक्षिण एसिया वातावरण, विज्ञान, प्रविधि तथा स्वास्थ्य सम्मेलनमा भाग लिनुभएको थियो । सम्मेलनमा एडीबीका तर्फबाट 'दातृ संस्थाको समन्वयमार्फत् स्रोतको अधिकतम उपयोग' विषयमा उहाँको प्रस्तुति रहेको थियो । संयुक्त राज्य अमेरिकाको राज्य विभाग (वासिङ्टन डिसी), भारत तथा नेपालस्थित अमेरिकी दूतावासहरू र अन्तर्राष्ट्रिय विकासका लागि अमेरिकी सहयोग नियोगले संयुक्तरुपमा उक्त सम्मेलन आयोजना गरेको थियो । सम्मेलनमा विभिन्न अमेरिकी सरकारी कार्यालय तथा द्विपक्षीय र बहुपक्षीय निकायका प्रतिनिधिहरूले भाग लिएका थिए ।

आगामी कार्यक्रमहरूको पूर्ण सूचीका लागि एडीबी, नेपाल आवासीय नियोगको वेबसाइट हेर्नुहोस् : http://www.adb.org/nrm ■


एडीबी समाचार नेपालबाट

एशियाली विकास बैंक -एडीबी) को नेपाल आवासीय नियोगले प्रकाशित गर्ने यस त्रैमासिक समाचारपत्रको मुख्य उद्देश्य एडीबी र उससँग आबद्ध समूहहरूबीच सूचना आदानप्रदानलाई विस्तार गराउनु हो । 'समाचार नेपालबाट' ले एडीबीका गतिविधि सम्बन्धी जानकारी दिनुका साथै नेपालमा विकासे मुद्दाबारे छलफल गर्न मञ्च उपलब्ध गराएको छ । यद्यपि यसमा प्रकाशित भएका लेखहरूले एडीबीको आधिकारिक विचार प्रवाह गरेको छ भनी अनिवार्यरुपमा भन्न सकिदैन । हामी पाठकहरूको सुझाव तथा प्रतिक्रियाको स्वागत गर्छौं ।



एशियाली विकास बैंक
नेपाल आवासीय नियोग
श्रीकुञ्ज, कमलादी, वार्ड नं. ३१
ब्लक नं. २/५९७, कामनपा
काठमाडौं, नेपाल ।
फोन : -९७७-१) ४२२७ ७७९, ४२२७ ७८४, ४२२० ३०५
फ्याक्स : -९७७-१) ४२२५ ०६३
इमेल : adbnrm@adb.org
वेबसाइट : http://www.adb.org/NRM